**REGIONAL NEWS UNIT**

**BROADCAST: 18:40 hrs    Date: 23.08.2025**

**CM-Sirjang: Madhu Sharma**

आज थर्पु सांस्कृतिक भवनमा शिरिजङ्गा याकथिम साक्थिम फोजुम्बो थर्पुको 45 औँ स्थापना दिवस विभिन्न कार्यक्रमका साथ समापन गरियो। समारोहमा मुख्यमन्त्री प्रेमसिंह तामाङ उपस्थिति हुनुहुन्थ्यो। समारोहलाई सम्बोधन गर्दै, मुख्यमन्त्रीले एकीकरण सबैभन्दा महत्त्वपूर्ण विषय भएकाले सरकारले हप्ताको एक दिन अनिवार्य रूपमा जातीय पोशाक लगाउनुपर्ने अधिसूचना जारी गरेको बताउनुभयो अनि भाषा, साहित्य, संस्कृति र परम्परालाई संरक्षण गर्न सरकार कटिबद्ध रहेको पनि जानकारी दिनुभयो। साथै, उहाँले राजनीतिदेखि माथि उठेर जातिका लागि काम गर्नुपर्छ भन्दै, लिम्बू समुदायको संस्कृति-परम्परा धेरै धनी रहेको जानकारी दिँदै, सिङताम खामदुङमा आगामी दिनमा २० करोडका लागतमा लिम्बू संस्कृति भवन निर्माण गरिने बताउनुभयो। आजको कार्यक्रममा दुई लिम्बू व्यक्तित्वलाई सम्मान जनायो। करिब 10 वटा लिम्बु भाषाका पुस्तक पनि विमोचन गरियो।

**Ayushman: IPR**

पाकिम जिल्लाको स्वास्थ्य तथा परिवार कल्याण विभागले अम्बा जीपीयूमा व्यापक स्वास्थ्य आउटरीच कार्यक्रम आयोजना गऱ्यो। यस पहलमा ज्येष्ठ नागरिक र अन्त्योदय अन्न योजना लाभार्थीहरूका लागि आयुष्मान कार्ड संतृप्ति, आयुष स्वास्थ्य शिविर, निक्षय शिविर क्षयरोग स्क्रिनिङ र गैर-संक्रामक रोग स्क्रिनिङ सहित विभिन्न स्वास्थ्य सेवाहरू समावेश थिए। स्वास्थ्य सेवाको कभरेज विस्तार गर्ने र सरकारी स्वास्थ्य योजनाहरूमा पहुँच सहज बनाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरियो। एक दिनसम्म चलेको यस शिविरमा कुल ८६ लाभार्थीहरूले सेवा प्राप्त गरे। प्रदान गरिएका सेवाहरूमा आयुष्मान भारत योजना अन्तर्गत दर्तादेखि लिएर रोकथाम स्वास्थ्य जाँच र स्क्रिनिङ समावेश थिए।

**National statistics: PIB**

राष्ट्रिय साङ्ख्यिकी कार्यालय, क्षेत्र परिचालन प्रभाग साङ्ख्यिकी एवं कार्यक्रम कार्यान्वयन मन्त्रालय, भारत सरकारले 2025 भरि राष्ट्रिय नमूना सर्वेक्षणको 75 औँ वर्षगाँठ पालन गरिरहेको छ। यो वर्षदिने लामो समारोह अन्तर्गत राष्ट्रिय साङ्ख्यिकी कार्यालय, एफ.ओ.डी, क्षेत्रीय कार्यालय, गान्तोकद्वारा अगस्त महिनाका निम्ति तय कार्यक्रम 21 र 22 अगस्तको दिन आयोजित गरियो। 22 अगस्तको दिन माझीटार, रम्फूमा एकदिने डाटा प्रयोगकर्ता सम्मेलन आयोजित गरियो, जसमा विभिन्न औद्योगिक एकाइ अनि अन्य हितधारकले भाग लिए। यस अवसरमा सिक्किम सरकारको आर्थिक, साङ्ख्यिकी, निगरानी एवं मूल्याङ्कन निर्देशानलयका संयुक्त निर्देशक थुप्देन गेलेग मुख्य अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा एनएसओ, आर.ओ, गान्तोकका सहायक निर्देशक डी.आर शर्माले मन्त्रालयको गतिविधिबारे जानकारी दिँदै एन.एस.ओद्वारा सम्पन्न सर्वेक्षणहरूको महत्त्वबारे अवगत गराउनुका साथै एन.एस.एस-द्वारा गरिने विभिन्न सर्वेक्षणको महत्त्व र सरकारी नीतिहरू लागू गर्ने तौरतरिकाबारे जानकारी दिनुभयो। कार्यक्रमको अन्त्यमा पञ्चायत भवनको वरिपरी बिरुवा रोपन कार्यक्रम सञ्चालन गरियो।

**Banker Samittee-Namchi: RNU**

विस्तृत वित्तीय समावेशिता हासिल गर्ने दिशामा राज्य स्तरीय ब्याङ्कर समिति, सिक्किमद्वारा नाम्चीको नगरभवनमा हिजो  बृहत् वित्तीय समावेशिता शिविर आयोजित गरियो। नाम्ची र वरपरको इलाकाका करिब 600 जनाले शिविरमा भाग लिए भने नाम्ची-सिङ्गिथाङ अनि पोकलोक-कामराङका स्थानीय जनप्रतिनिधि, नागरिक र परिवारले उत्साहका साथ सहभागिता जनाए। यस शिविरमा मानिसहरूलाई विभिन्न वित्तीय सेवालगायत वित्तीय हितका लागि सुसूचित निर्णय लिन सक्षम बनाउन वित्तीय साक्षरता पनि प्रदान गरियो। शिविरमा 5 पी.एम.जे.डी.वाई खाता खोलियो भने 101 जनाको नाम पी.एम.जे.जे.बी.वाई, 163 व्यक्तिको नाम पी.एम.एस.बी.वाई, 31 जनाको नाम ए.पी.वाई अन्तर्गत दर्ता गरियो, 235 पुनः के.वाई.सी प्रक्रिया पूरा गरियो भने 12 पी.एम.जे.डी.वाई-के.वाई.सी प्रक्रिया पनि पूरा गरियो। वित्तीय सेवा विभागद्वारा 1 जुलाईदेखि सुरु गरिएको राष्ट्रव्यापी तीन महिनाव्यापी यो अभियान 30 सेप्टेम्बरसम्म चल्नेछ र यो वित्तीय समावेशिता बढाउन, सुरक्षित ब्याङ्किङ प्रथाबारे जागरूकता फैलाउन र सबै ग्राम पञ्चायत अनि शहरी स्थानीय निकायमा विभिन्न सरकार प्रायोजित योजनाहरू अन्तर्गत तत्काल नाम दर्ता गराउन लक्षित छ।

**Space Day: Desk**

देशभरि आज दोस्रो राष्ट्रिय अन्तरिक्ष दिवस मनाइँदै छ। आज कै दिन चन्द्रमाको दक्षिणी ध्रूवा चन्द्रयान ३ को सफल ल्यान्डिङ भएको थियो। इसरोका चेयरम्यान भी नारायननले अन्तरिक्ष क्षेत्रमा भारतको प्रगतिबारे गर्व र खुसी व्यक्त गर्नुभएको छ। डा. नारायणसितको अन्तरवार्ता आज राति ९.१५ मा आकाशवाणकी एफ एम गोल्ड च्यानल १००.१ च्यानलमा प्रसारण हुनेछ।